# संघीय संसद

# प्रतिनिधि सभा, २०७९

चौथो अधिवेशन

बैठक संख्या – ४९

## दैनिक कार्यसूची

२०८१ भदौ ११ गते मंगलबार

दिनको १:०० बजे

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र

१. सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार थप सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### सन्देशको जानकारी

२. प्रतिनिधि सभाका सचिव श्री सुरेश अधिकारीले प्रतिनिधि सभामा उत्पति भएको “बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०८१” का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशको जानकारी गराउनु हुने ।

### प्रश्नोत्तर

३. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय र वन तथा वातावरण मन्त्रालय सम्बन्धी मौखिक प्रश्नहरुको सम्बन्धित मन्त्रीले उत्तर दिनुहुने ।

### व्यवस्थापन कार्य

४. माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले “धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८१” माथी विचार गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

### शोक प्रस्ताव

५. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुनेः-

> “राष्ट्रिय प्रजातन्त्र पार्टीबाट वि.सं. २०५६ सालमा सर्लाही जिल्ला क्षेत्र नं. ३ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य, वि.सं. २०६३ सालमा पुनर्स्थापित प्रतिनिधि सभा र व्यवस्थापिका-संसद सदस्य, पूर्व भूमिसुधार तथा व्यवस्था राज्यमन्त्री, सरल एवं मृदुभाषी रामचन्द्र राय यादवको ७१ वर्षको उमेरमा मिति २०८१ साल साउन ०६ गते आइतबार असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

पद्म प्रसाद पाण्डेय
महासचिव